# प्रसवपूर्व एचआईभी (HIV) परिक्षण - एक गर्भवती आमाको सम्बन्धमा

## प्रसवपूर्व चेक-अपको उद्देश्य

प्रसवपूर्व चेक–अपको उद्देश्य गर्भवती महिलाहरुको गर्भावस्थामा उच्चतम स्वास्थ्यको सुनिश्चित गर्नु हो । स्वास्थ्य समस्याहरुको प्रारम्भिक पहिचान र उपयुक्त व्यवस्थापनले दुवै आमा र भ्रूणको सु-स्वास्थ्य कायम गर्नको लागि सहयोग गर्दछ । प्रसवपूर्व चेक–अपमा साधारणतया ब्लड ग्रुपको लागि रगत परीक्षण, हेमोग्लोबिनको मात्रा, रातो रक्तकोषको मात्राको औसत, रीसस फेक्टर (Rhesus Factor), रुबेला एन्टीबडी, हेपाटाइटिस बी एन्टिजेन्स (antigen), भिरिङ्गी र एचआईभी एन्टिबडी पर्दछ ।



## विश्वव्यापी प्रसवपूर्व एचआईभी परीक्षणले गर्भवती महिलाहरुलाई कसरी लाभ पुर्याउँदछ ?

एक्वायर्ड इम्यून डिफिशिएंसी सिंड्रोम (AIDS) ह्युमन इम्यूनो डिफिशिएंसी भाइरस, छोटोमा एचआईभी, को कारण हुन्छ । प्रसारणको माध्यमहरुमा असुरक्षित यौन सम्पर्क, आमा–बाट–बच्चामा वा रक्त सम्पर्ककर्ताको माध्यम पर्दछन् । मानव शरीरमा प्रवेश गरिसकेपछि, भाइरस आफै बढ्दै जान्छ र लसीका कोषहरु (lymph cells) लाई नष्ट गर्दछ । यसले बिस्तारै शरीरको प्रतिरोधक क्षमतालाई कम गराउँदछ, र अवसरवादी संक्रमण वा क्यान्सर र अन्ततः मृत्यु समेत निम्त्याउँदछ ।

आमा–बाट–बच्चामा प्रसारण मध्य, एचआईभी सङ्क्रमित आमाबाट उसको शिशुमा गर्भावस्था, प्रसव वा स्तनपानको समयमा प्रसारण हुन सक्दछ । कुन सम्पक ाबना, सङ्कामत आमादाख बच्चाहरुमा प्रसारण हुने दर 15 देखि 40% हुन्छ । **गर्भावस्थाको समय, प्रसवको दौरान र प्रसव पश्चात् प्रभावकारी उपचार तथा रोकथामले यस दरलाई 1-2% सम्म कम गर्न संकिन्छ ।**

## उपचार तथा रोकथाम

- गर्भावस्थाको अवधिमा, प्रसवको समयमा र बच्चा जन्मेपछि एक सङ्क्रमित गर्भवती महिलाले सकेसम्म चाँडो एन्टी रेट्रोभाइरल थेरापी (ART) र अन्य प्रभावकारी उपचार सुरु गर्नुपर्दछ।
- सीजरियन सेक्शन (आमाको गर्भबाट बच्चा निकाल्न गरिने शल्यक्रिया) र योनीबाट प्रसवबीचको जोखिमहरु र फाइदाहरुको बारेमा तपाईहरुको डाक्टरहरुसँग सल्लाह लिनुहोस्।
- नवजात शिशुलाई स्तन–पान गराउनु हुँदैन ।
- बच्चा जन्मिएपछि जटिलताहरुको पारम्भिक पहिचान र रोकथामको लागि शिशुहरुले ओरल एआरटी (oral ART) जारी राख्नुपर्छ र बाल रोग विशेषज्ञद्धारा केहि हप्तासम्म चेकजाँच गराउनुपर्छ ।
- सङ्क्रमित भएको पुष्टि भएपछि, उसको/उनको स्वास्थ्य सुधारको लागि बच्चालाई उपयुक्त उपचार, र हेरचाह गरिनेछ ।

## एचआईभी परीक्षण रिजल्टको अर्थ

एक पारम्परिक एचआईभी परीक्षणको प्रक्रियाको लागि एक हप्ता भन्दा बढि लाग्न सक्छ । परीक्षणको रिजल्ट नेगेटिभ (-ve) वा पोजेटिभ (+ve) आउन सक्छ । रिजल्टको अर्थहरु निम्न छन्:

### *एचआईभी एन्टीबडी नेगेटिभ (-ve) रिजल्ट*

- नेगेटिभ रिजल्टले एचआईभी परीक्षणको समयमा गर्भवती महिला एचआईभी सङ्क्रमित छैन भन्ने जनाउँदछ । यद्यपि, जो कोही पनि 'विन्डो अवधि' को बारेमा सचेत हुनुपर्छ । विन्डो अवधि त्यो समय बीचको अवधि हो जब कुनै व्यक्ति एचआईभीबाट सङ्क्रमित हुन्छ र एचआईभी परीक्षणले पोजेटिभ रिजल्ट देखाउँछ । एचआईभी परीक्षणको लागि विन्डो अवधि 3 महिना हुन्छ । प्रयोगकर्ताको हालसालैको पछिल्लो 3 महिनामा भएको अनावरण नेगेटिभ रिजल्टले छुट्टाउन सक्दैन । त्यसैले प्रयोगकर्ताहरुले यस कुरालाई ध्यान दिनुपर्छ र कुनै पनि शंका भएमा फेरि परिक्षण गर्नुपर्छ वा डाक्टरसँग सल्लाह गर्नुपर्छ ।
- एक गर्भवती महिला जसको एचआईभी ब्लड रिजल्ट नेगेटिभ छ, उनले गर्भावस्था र स्तनपानको समयमा एचआईभी प्रसारण हुन नदिन आफू र आफ्नो भ्रूणलाई बचाउनको लागि रोकथामका उपायहरु अपनाउनु पर्छ । यसमा कण्डमको प्रयोग, सुईहरु कहिल्यै साझा नगर्ने र उच्च जोखिमका क्रियाकलापहरुबाट बच्न सुरक्षित सम्भोगको अभ्यास पर्दछन् ।
- कोही पनि गर्भवती महिला जो गर्भावस्थाको समयमा आफ्नो एचआईभीको अवस्थामा शंका गर्छन भने, उनीहरुले फेरि एचआईभी परीक्षण गर्नको लागि डाक्टरसँग सम्पर्क गर्नुपर्छ ।

### *एचआईभी एन्टीबडी पोजेटिभ (+ve) रिजल्ट*

- पोजेटिभ रिजल्ट भन्नाले गर्भवती महिला एचआईभी सङ्क्रमित भएको छ भन्ने बुझाउँछ । यसले सम्भोगको माध्यमबाट भ्रूणमा र उनको यौन साथीमा भाइरस प्रसारण हुने जोखिम बढ्छ ।

एचआईभी एन्टीबडी परीक्षणको रिजल्ट सख्तरुपमा गोप्य हुन्छ ।

## प्रारम्भिक पहिचान – यसले गर्भवती महिलालाई कसरी लाभ पुर्याउँछ ?

- जति अगाडि सङ्क्रमणको पहिचान हुन्छ, त्यति नै राम्रो परिणाम आउनेछ ।
- प्रसवपूर्वको गुणस्तरीय हेरचाह बाहेक, स्वास्थ्य सेवा प्रदायकहरुले सङ्क्रमित व्यक्तिहरुमा समग्ररुपमा हेरचाह गर्नको लागि उत्कृष्ट व्यवस्थापन योजना बनाउन मिलेर काम गर्छन ।
- एचआईभी रोगलाई नियन्त्रण गर्नको लागि गर्भवती महिलालाई चाँडो भन्दा चाँडो एआरटी (ART) गर्न प्रस्ताव गरिन्छ ।
- परामर्शको माध्यमबाट, गर्भवती महिलाले रोगसँग लड्नको लागि आफ्नो शारीरिक र मनोवैज्ञानिक क्षमताको बारेमा बुझ्नेछन्, र गर्भावस्था जारी राख्नको लागि सहमतिमा पुग्नेछन् ।
- गर्भवती महिलाले आफ्नो यौन साथी वा परिवारसँग आफ्नो एचआईभीको अवस्थाको बारेमा खुलासा गर्ने विकल्प छनोट गर्न सक्नेछन् । स्वास्थ्य सेवा प्रदायकले उनलाई र उनको परिवारलाई सहयोग र परामर्शको प्रस्ताव गर्नेछ ।
- सङ्क्रमित आमाले आफ्नो सुस्वास्थ्य कायम राख्न र जटिलताहरुको रोकथामको लागि प्रसव पश्चात् रोगको औषधी उपचार र फलो–अप जारी राख्नेछन् । उनले आफ्नो बच्चाको हेरचाह कसरी गर्ने भन्ने बारेमा सिक्नेछन् र रगतको माध्यमबाट हुने प्रसारणबाट सावधान रहनेछन् ।

## छिट्टै हुने एचआईभी परीक्षणको उद्देश्य

गर्भवती महिलाहरुले प्रसव पहिले उनीहरुको एचआईभीको अवस्थाको बारेमा थाहा पाउन जरुरी हुन्छ । हंगकंगमा, सबै गर्भवती महिलाहरुलाई नियमित रुपमा प्रसवपूर्वको–चेकजाँचमा एचआईभीको लागि परीक्षण गरिन्छ । त्यसैले, जो कोही बच्चा पाउने महिलाहरु जसलाई अहिले सम्म एचआईभीको अवस्थाको बारेमा थाहा छैन, उनीहरुले छिट्टै हुने एचआईभी परीक्षण तुरुन्तै गर्नुपर्छ जसलाई केवल एक मिनेट मात्र लाग्छ जसले गर्दा बच्चालाई बचाउनको लागि उपयुक्त कदम चाल्न सकिन्छ । परीक्षणको रिजल्ट २० मिनेटपछि हेर्न सकिन्छ ।

## छिट्टै हुने एचआईभी परीक्षण भनेको के हो र कसरी गरिन्छ ?

- यो परीक्षणले रगतको नमूनामा एचआईभी एन्टीबडीहरु पत्ता लगाउँछ ।
- रगतको नमूना औंलामा सुईले घोचेर वा हातको नसाबाट लिइन्छ । तपाईंको औंलाबाट रगतको सानो थोपा लिइन्छ र परीक्षणको रिजल्ट २० मिनेटपछि हेर्न सकिन्छ ।
- छिट्टै हुने एचआईभी परीक्षण नेगेटिभ (-ve) वा पोजेटिभ (+ve) पनि हुन सक्छ । छिट्टै हुने एचआईभी परीक्षणको कुनै पनि पाजेटिभ रिजल्टको पछि प्रयोगशालामा गरिने रगतको पुष्टिकरण हुनुपर्दछ ।



(1) रगत लिनको लागि औंलामा घोच्ने



(2) लूप (रगतको साथ) परीक्षण किटमा राख्नुहोस्




(3) परीक्षणको नतिजा

आफू र आफ्नो बच्चा दुवैको सुरक्षाको लागि, कृपया प्रसवपूर्वको एचआईभी परीक्षणको बारेमा विचार गर्नुहोस् । प्रारम्भिक निदानले तपाईं र तपाईंको बच्चा दुवैलाई फाइदा पुर्याउँछ ।

तपाईंसँग एचआईभी परीक्षण र एड्सको बारेमा थप प्रश्नहरु छन् भने, कृपया डाक्टर वा नर्ससँग कुरा गर्नुहोस् । हाम्रो परामर्शदातालाई एड्स हटलाइन 2780 2211 मार्फत सम्पर्क गर्नको लागि तपाईंलाई स्वागत छ ।

रेड रिबन सेन्टर — UNAIDS प्राविधिक सहायताको लागि सहयोग केन्द्र
ठेगानाः 2/F., वाङ टाउ होम जक्कि क्लब क्लिनिक, 200 जक्सन रोड इस्ट, काउलुन, हंगकंग
लः (852) 3143 7200 फ्याक्सः (852) 2338 0534
वेबसाइटः www.rrc.gov.hk

PA/AA4/19-08(O)/WOM- INF